# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली
## मितिः ०७ मार्च २०२६
समयः १८:५० - १६:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मुले सिलगढ़ी स्थित बागडोरामा नवौं अन्तर्राष्ट्रिय सन्थाल सम्मेलनलाई सम्बोधित गर्नुभयो।उहाँले कार्यक्रमको क्रममा पश्चिम बंगाल सरकारको प्रशासनिक व्यवस्था र प्रोटोकल प्रति असन्तुष्टि व्यक्त गर्नुभएको छ।

- पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले 'युवा साथी' योजना अन्तर्गत पाउने भत्ता यो महिनादेखि लाभार्थीहरूको खातामा पठाउने घोषणा गर्नुभएको छ।

- नेपालमा बालेंद्र शाहको राष्ट्रीय स्वतंत्र पार्टी आम चुनावमा प्रचंड जीत तर्फ अग्रसर।165 सीटहरुमध्ये हालसम्म 55 निर्वाचन क्षेत्रको अन्तिम परिणाम आएको छ।

- राज्यमा आगामी विधानसभा चुनावको मध्यनजर थप 240 केन्द्रीय सुरक्षा बल 10 मार्च भित्र तैनाथ गरिने छ।

- दार्जीलिङको डाली स्ट्यान्डमा यात्रीहरूको निम्ति बनाइएको चौतारा अतिक्रमण गरिएको विषय सार्वजनिक भएपछि नगरपालिकाले कडा प्रतिक्रिया जनाएको छ।

**राष्ट्रपति बंगाल प्रोटोकल**

उत्तर बंगालको सिलिगुडीमा आयोजित नवौं अन्तर्राष्ट्रिय संथाल सम्मेलनमा भाग लिन आउनु भएकी राष्ट्रपति द्रौपदी मुर्मुले कार्यक्रमको क्रममा पश्चिम बंगाल सरकारको प्रशासनिक व्यवस्था र प्रोटोकलप्रति असन्तुष्टि व्यक्त गर्नुभयो।मञ्चबाट सम्बोधन गर्दै उहाँले अप्रत्यक्ष रूपमा राज्य प्रशासनको कार्यप्रणालीमाथि प्रश्न उठाउँदै सम्मेलन आयोजना गर्न धेरै अवरोध भएको, जसका कारण आयोजकहरूले धेरै समस्या भोग्नु परेको बताउनुभयो।आज बागडोगरा हवाई अड्डा आइपुगेपछि राष्ट्रपति सिधै गोसाईपुरस्थित कार्यक्रम स्थलमा जानुभयो र त्यसपछि विधाननगरमा आयोजित मुख्य सम्मेलनमा भाग लिनुभयो।आफ्नो सम्बोधनमा उहाँले विधाननगरमा पर्याप्त ठाउँ भए पनि सुरक्षाको कारण देखाउँदै यहाँ सम्मेलनको लागि सुरुमा अनुमति नदिएको बताउनुभयो।यसका कारण आयोजकहरूले कार्यक्रमको स्थल चार पटक परिवर्तन गर्नुपर्‍यो, जुन कुनै पनि ठूलो सांस्कृतिक तथा सामाजिक कार्यक्रमको लागि उपयुक्त परिस्थिति मान्न सकिँदैन।राष्ट्रपतिले, मुख्यमन्त्री ममता बनर्जीको उल्लेख गर्दै भावुक हुँदै भन्नुभयो उहाँले ममतालाई बहिनी र आफूलाई बंगालकी छोरी मान्दछिन्। यसको बाबजुद पनि, यस्ता प्रशासनिक अवरोधहरू उत्पन्न हुनु अत्यन्तै दुर्भाग्यपूर्ण छ।उहाँले  भन्नुभयो यस्ता आयोजनहरूलाई समर्थन र प्रोत्साहन गरिनुपर्छ,किनभने आदिवासीहरुले समाजको संस्कृति, पहिचान र परम्परालाई सशक्त  गर्ने मञ्च प्रदान गर्दछन्। यसैबीच, सम्मेलनलाई सम्बोधन गर्दै राष्ट्रपति द्रौपदी मुर्मुले कार्यक्रम स्थलको व्यवस्थाप्रति असन्तुष्टि व्यक्त गर्नुभयो । राष्ट्रपति मुर्मुले प्रोटोकलको मुद्दा पनि उठाउनुभयो। उहाँले भन्नुभयो नियम अनुसार, देशका राष्ट्रपतिको आगमनमा हवाई अड्डामा मुख्यमन्त्री वा राज्य सरकारका वरिष्ठ क्याबिनेट मन्त्रीको उपस्थिति अपेक्षित हुंदछ। तर बागडोगरा हवाई अड्डामामा उहाँको स्वागत गर्न मुख्यमन्त्री वा कुनै पनि वरिष्ठ मन्त्री उपस्थित थिएनन्। त्यहाँ सिलिगुडीका मेयर गौतम देव मात्र उपस्थित थिए। राष्ट्रपतिको यो बयानपछि राज्य सरकारको व्यवस्था र केन्द्र-राज्य सम्बन्धलाई लिएर नयाँ राजनीतिक चर्चा सुरु भएको छ। यद्यपि, सम्मेलनमा आदिवासी समुदायका मानिसहरूको ठूलो संख्यामा उपस्थिति थियो र राष्ट्रपतिको उपस्थितिलाई लिएर उनीहरूमा धेरै उत्साह देखियो।

**संशो. राष्ट्रपति - पश्चिम बंगाल**

राष्ट्रपति द्रौपदी मुर्मुले भन्नुभएको छ केन्द्र सरकारले जनजातीय समुदायको चतुर्दिक विकासको लागि सबै सम्भावित उपायहरू गरेको छ, यसमा सांस्कृतिक परम्परा र भाषाहरूको उत्थान सामेल छन। आज सिलगढ़ी स्थित **बागडोरामा** आयोजित नवौं अन्तर्राष्ट्रिय संथाल सम्मेलनमा उहाँले संथाली संस्कृति र परम्पराहरू प्रकृतिसित गहिरो रूपमा जोडिएका छन् र पर्यावरण संरक्षण तथा प्रकृतिका साथ मनुष्यको सह-अस्तित्वका लागि अनुकूल रहेको बताउनुभयो।राष्ट्रपतिले संथाल समुदायको **अल चिकी** भाषा संविधानको आठौं अनुसूचीमा सामेल गरिएको बताउनु भयो। उहाँले यो पनि भन्नुभयो 2023 देखि देशमा कैयन जनजातीय संग्रहालयहरू स्थापित गरिएका छन् जसमा जनजातीय इतिहासलाई दर्शाएको छ।उनले भने कि संथाल समुदायको अल्चिकी भाषालाई अटल बिहारी वाजपेयी सरकारले संविधानको आठौं अनुसूचीमा समावेश गरेको थियो। छ। यसअघि राष्ट्रपति द्रौपदी मुर्मुले सिलिगुडी नजिकै फाँसीदेवा ब्लक अन्तर्गत माझीथाङमा सन्थाल परिषद्‌द्वारा आयोजित सामूहिक वृक्षारोपण कार्यक्रममा भाग लिनुभयो। यस अवसरमा केन्द्रीय जनजातिय मन्त्री श्री दुर्गा दास उइके र दार्जिलिङ लोकसभा सांसद राजु बिस्ट पनि उपस्थिति हुनुहुन्थ्यो।

**मुख्यमन्त्री युवा साथी**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले राज्य सरकारको 'युवा साथी' योजना अन्तर्गत भत्ता अब अप्रिलको सट्टा यस महिनाबाट लाभार्थीहरूको खातामा पठाइनेछ भनि आज घोषणा गर्नुभयो ।उहाँले आजबाटै लाभार्थीहरूको बैंक खातामा राशि जम्मा हुन थाल्नेछ भन्नुभयो । धर्मतलाको मेट्रो च्यानल स्थित धरना मञ्चबाट बोल्दै मुख्यमन्त्रीले पहिले यो योजना अन्तर्गत भुक्तानी एक अप्रैलबाट सुरु गर्ने निर्णय गरिएको थियो, तर अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा यसलाई अघिबाटै सुरु गर्ने निर्णय गरिएको बताउनुभयो।मुख्यमन्त्रीले  भन्नुभयो 21 देखि 40 वर्ष आयु वर्गका लगभग एक करोड युवक-युवतिहरूले यस योजनाको लागि आवेदन दिएका छन्। यस योजना अन्तर्गत, पात्र लाभार्थीहरूले हरेक महिना 1500 रुपियाँको भत्ता सोझै उनीहरूको बैंक खातामा पठाईनेछ।उहाँले भन्नुभयो यो योजनाबाट लाभ उठाउन आवेदकहरूले माध्यमिक वा समकक्ष परीक्षा परीक्षा उत्तीर्ण गरेको हुनु आवश्यक छ। साथै, यो योजना ती युवाहरूका लागि मात्र हो जसले कुनै प्रकारको नौकरी या काम गरेका छैनन्।लाभार्थीहरूले अधिकतम पाँच वर्षको अवधिको लागि यस योजनाको लाभ लिन सक्नेछन्। मुख्यमन्त्रीले राज्य सरकारको अन्य कुनै पनि सामाजिक योजनाको लाभ लिइरहेका व्यक्तिहरू यस योजनाको लागि योग्य नहुने कुरा पनि स्पष्ट पारेनुभएको छ।यद्यपि, छात्रवृत्ति, शिक्षाश्री, कन्याश्री वा रूपश्री जस्ता योजनाहरूको लाभ लिने विद्यार्थीहरू 'युवा साथी' योजनाको लागि पात्र हुनेछन्, किनकि यी योजनाहरू अध्ययनको उद्देश्यका लागि दिइने गरिन्छ।

**ममता धरना**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले मतदाता सूची पुनरीक्षणको मुद्दालाई लिएर आज लगातार दोस्रो दिन कोलकाताको धर्मतलामा धर्नामा बस्नुभएको छ।उहाँले भाजपा र चुनाव आयोगमाथि बंगालका मतदाताहरूलाई मताधिकारबाट वञ्चित गर्ने षड्यन्त्र रचेको आरोप लगाउनुभयो।

***धरना कार्यक्रम निर्वाचन आयोगको पूर्ण पीठको प्रस्तावित कोलकाता भ्रमणको ठीक अगाडि सुरु भएको हो।यो धरना प्रतिदिन बिहान दश बजेदेखि बेलुकी आठ बजेसम्म भइरहेको छ। तृणमूल कांग्रेसले 2026 को विधानसभा चुनाव अघि मतदाता सूचीको विशेष गहन पुनरीक्षणको प्रक्रिया हतार र अव्यवस्थित तरिकाले भइरहेको आरोप लगाएको छ।ममता बनर्जीले बंगालका मतदाताहरूको अधिकारको रक्षा गर्न उहाँको यो आन्दोलन जारी रहने बताउनु भएको छ। उहाँले भाजपा र निर्वाचन आयोगको कथित षड्यन्त्र जनता समक्ष उजागर  गरिनेछ भन्नुभयो।धरना मञ्चमा तृणमूल कांग्रेसका कैयन वरिष्ठ नेता, बुद्धिजीवी, कलाकार र सामाजिक क्षेत्रका व्यक्तिहरू उपस्थित छन्।***

## नेपाल चुनाव

नेपालमा 165 निर्वाचन क्षेत्रहरुमध्ये हालसम्म 55 निर्वाचन क्षेत्रको अन्तिम परिणाम घोषित भइसकेको छ। शेष स्थानहरूमा मतगणना जारी छ। फस्ट पास्ट-द-पोस्ट प्रणाली- अन्तर्गत, राष्ट्रिय स्वतन्त्र पार्टीले 76 निर्वाचन क्षेत्रहरुमा अग्रता लिईको छ। राष्ट्रीय स्वतंत्र पार्टी-आरएसपी 44 सीटमा विजय भएको छ, नेपाली कांग्रेसले 6 सीट जीतेको छ भने 11 अन्य निर्वाचन क्षेत्रहरुमा अघाड़ी छ, एमालेले सिट 2 जितेर 8 मा अग्रता लिएको छ, नेकपाले पनि 2 सिट जितेर 7 मा अग्रता लिएको छ, र श्रमिक संस्कृति पार्टीले 4 निर्वाचन क्षेत्रमा अग्रता लिएको छ।

## सुरक्षा बल

आगामी विधानसभा चुनावलाई ध्यानमा राखेर चुनाव अघि थप केन्द्रीय सुरक्षा बल पठाउने भएको छ। दोस्रो चरणमा राज्यमा 240 कम्पनी केन्द्रीय बल राज्यमा 10 मार्चभित्र राज्यमा आइपुग्ने जानकारी प्राप्त भएको छ। आधिकारिक सूत्रका अनुसार राज्यमा सीआरपीएफ 120 कम्पनी, बीएसएफ 65 कम्पनी, सीआईएसएफ 16 कम्पनी आईटीबीपी 20 कम्पनी अनि एसएसबी 19 कम्पनी आउनेछन्। राज्यका विभिन्न जिल्लामा चुनाव आयोगले राज्यका मुख्य अधिकारी ,विशेष पर्यवेक्षक अनि पुलिस प्रशासनसँग भएको बैठकमा सुरक्षा बल तैनाथ गर्ने योजना बनाएको बताएको छ। पहिले नै विभिन्न जिल्लामा सुरक्षा बलहरु तैनाथ भईसकेका छन्। दार्जीलिङमा 6, सिलगढ़ी पुलिस कमिस्नरेटमा 3, कालेबुङमा 3, कोचबिहारमा 9 अलिपुरद्वारमा 5 अनि जलपाइगदीमा 7 कम्पनी केन्द्रीय बल अगावै पठाइएको थियो। उत्तर दिनाजपुरको इस्लामपुर पुलिस जिल्लामा 5 कम्पनी अनि रायगञ्जको पुलिस जिल्लामा 6 कम्पनी सुरक्षा बल तैनाथ गरिएको छ। दक्षिण दिनाजपुर जिल्लामा 10 कम्पनी केन्द्रीय बल तैनाथ गरिएको साथै मालदामा 12 कम्पनी सुरख्क्षा बल पुगिसकेको छ।

## दार्जीलिङ नगरपालिका

दार्जीलिङ नगरपालिका वार्ड नम्बर 20 अन्तर्गत डाली स्ट्यान्ड जज बजारमा यात्रीहरूको निम्ति बनाइएको चौतारा अतिक्रमण गरिएको विषय सार्वजनिक भएपछि नगरपालिकाले कडा प्रतिक्रिया जनाएको छ। प्राप्त जानकारी अनुसार दार्जीलिङ जज बजार पिकअप भेन ड्राइभर वेलफेयर एसोसिएसनले नगरपालिकाको कुनै अनुमति नलिई बिना जानकारी उक्त चौतारामा कार्यालय निर्माण गरेको आरोप लागेको छ। यस विषयमा नगरध्याक्ष दिपेन ठकुरीले मिडिया मार्फत जानकारी दिनु हुँदै भन्नु भयो नगरपालिकाले चाँडै कारबाही गर्नेछ र भोलिसम्म अतिक्रमण गरेर बनाइएको यस कार्यालय हटाइनेछ। साथै उहाँले यस घटनाका लागि नगरवासीसँग क्षमायाचना पनि माग्नु भएको छ।

## तथ्य जांच - सिलीगुड़ी कॉरिडोर

सरकारले बिहार र पश्चिम बंगालका केही भागहरू मिलाएर सिलिगुडी करिडोर नजिकै नयाँ केन्द्र शासित प्रदेश बनाईन्दै छ भन्ने सोशल मीडियामा आईरहेको खबरहरुको खण्डन गरेको छ। पत्र सूचना कार्यालयको तथ्य जाँच इकाईले यस्तो कुनै पनि प्रस्ताव सरकारको विचाराधीन नभएको स्पष्ट पारेको छ। सरकारले मानिसहरुलाई आधिकारिक स्रोतहरुबाट प्राप्त सूचनालाई मात्र विश्वास गर्न र कुनै पनि जानकारी साझा गर्नु अघि त्यसको पुष्टि गर्न भनेको छ।

## जन औषधि दिवस

आज जन-औषधी दिवस हो।प्रधानमन्त्री नरेन्द्र मोदीले यस अवसरमा **प्रधानमंत्री भारतीय जन औषधि परियोजना**का लाभार्थीहरूलाई बधाई दिनु भएको छ।श्री मोदीले भन्नुभयो यस परियोजनाले अनगिन्ती परिवारहरूको चिकित्सा ख़र्चमा बचत भएको छ। उहाँले भन्नुभयो सरकार, किफायती मूल्यमा गुणस्तरीय औषधि उपलब्ध गराउन प्रतिबद्ध छ।

****** ० ******